# बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### चकचकी, झापा
### कोशी प्रदेश, नेपाल

**बोलपत्र आह्वानको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०२/२९**

यस कार्यालयको चालु आ.व.२०७९/०८० मा तपसिल बमोजिमको कार्यक्रम अन्तर्गत ५०% अनुदानमा सामग्री वितरण गर्ने कार्यक्रम अनुसार सामग्री आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक रजिस्टर्ड कम्पनी/फर्म तथा सप्लायर्सहरुबाट सामान आपूर्ति गर्न यो सूचनामा उल्लेख भएका शर्तहरुको अधिनमा रहेर देहाय बमोजिमको बोलपत्र आह्वान गरिएको छ।

तपसिल :

| विवरण | लागत अनुमान रकम (मु. अ. क. समेत) (रु.) | धरौटी रकम (रु.) | दरभाउपत्र दस्तुर (रु.) | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|
| मकैबाली प्रवर्द्धन कायकम | ३८,३२,७९६।९६ | १,१४,०००।- | ३,०००।- | २०८०/०३/१२ गते दिनको १२ बजे | २०८०/०३/१२ गते दिनको २ बजे |

**शर्तहरु :**

१) बोलपत्रको माथी उल्लेख गरिए बमोजिमको दस्तुर तिरी प्राप्त गरेको रसिद, आ.व. २०७९/०८० का लागि नविकरण भएको दर्ता प्रमाण पत्र, मु.अ.क.मा दर्ता भएको प्रमाण पत्र र आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाण पत्र निवेदन साथ संलग्न राखि यस कार्यालयबाट बोलपत्र खरिद गर्न सकिनेछ।

२) बोलपत्रको बाहिर खाममा कार्यालयलाई सम्बोधन गरी आपूर्तिकर्ताको नाम, ठेगाना, कामको विवरण र फोन नं. स्पष्ट उल्लेख गरि फर्मको छाप लगाई लाहाछापद्धारा शिलबन्दी गरि बोलपत्र पेश गर्नु पर्नेछ।

३) यस कार्यालयबाट बिकी नभएको, जमानत संलग्न भै नआएको, एउटाको जमानत अर्कोमा रहेको, बाहिर खाममा र बोलपत्र को व्यहोरा फरक परेको, शिलबन्दी भई नआएको कुनै शर्त राखी वा कैफियत जनाई प्राप्त भएको र रित नपुगेको बोलपत्र उपर कुनै कार्बाही गरिने छैन।

४) बोलपत्र दाताले धरौटी वापतको रकम यस कार्यालयको नाममा माछापुच्छे बैंक लि.राजगढको धरौटी खाता नं. ०८३००८७०५०००००६२ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त **'क' वर्गको बैंकबाट** जारी गरिएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको जमानत (विडवण्ड) पेश गर्नुपर्नेछ।

५) बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेको खण्डमा त्यसको लगतै कार्यालय खोलिने दिन बोलपत्र खरिद गर्न, दाखिला गर्न र खोल्न सकिनेछ।

६) पेश भएको बोलपत्र कबोल रकमको अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

७) पेश भएका बोलपत्र स्विकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्विकृत गर्ने वा कुनै पनि कारण जताई वा नजताई सूचना नै रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयसँग सुरक्षित रहनेछ।

८) खरिद गरिने सामग्री तोकिएको स्पेसिफिकेशन अनुसार गर्नु पर्नेछ। यसमा उल्लेख भए देखि बाहेकका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ।

९) यस सम्बन्धी थप जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner